राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY
१८ औं वार्षिकोत्सव




विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१८ ।। अङ्क : ०२४ ॥ २०८२ फागुन ११ गते सोमबार (23rd Feb 2026 Monday) Pratidin National Daily मूल्य-रु.५/-

# बालेनले निर्वाचन जित्ने यस्तो छ रास्वपाको अंकगणित

झापा,फागुन १० । झापा निर्वाचन क्षेत्र नं ५ मा बालेन शाहले निर्वाचन जित्ने राष्ट्रिय स्वतन्त्र पार्टीले तथ्यांकीय आधार प्रस्तुत गरेको छ। उमेर समूहका आधारमा मतदाताहरुलाई तीन भागमा वर्गीकरण गरी रास्वपाले झापा ५ मा आफ्ना उम्मेदवार बालेन शाहले निर्वाचन जित्ने दावी पेश गरेको हो । युवा, वयस्क र वृद्धवृद्धा गरी तीन भागमा मतदाताहरुलाई वर्गीकरण गरिएको हो। क्षेत्र नं ५ मा ८१ हजार ८१ पुरुष, ८२ हजार २९६ र अन्य दुई गरी एक लाख ६३ हजार ३७९ मतदाता रहेका छन् रास्वपाका केन्द्रीय निर्वाचन आयोगका एक सदस्यका अनुसार कुल मतदातामध्ये ५० प्रतिशतभन्दा बढी वयस्क उमेर समूहका मतदाता छन्। ८५ हजारभन्दा बढी वयस्क मतदातामध्ये त्यस उमेर समूहबाट आफ्ना उम्मेदवारलाई ५३ प्रतिशत मत आउने उनले तथ्यांक प्रस्तुत गरे । त्यस्तै कुल मतदातामध्ये करिव ३१ प्रतिशत युवा



रहेका छन् । युवा मतदाताहरुको समर्थन बढ्दै गई अहिले ६३ प्रतिशत पुगेको उनले दावी गरे । यसअघि ४२ प्रतिशत रहेकोमा विदेशबाट फर्किन थालेपछि आफूहरुको पक्षमा युवा मतदाताहरुको संख्या बढेर अहिले ६३ प्रतिशत पुगेको उनले बताए । त्यस्तै झापा ५ मा करिव ४७ सयको संख्यामा मतदाताहरु वृद्धवृद्धा रहेका छन् । ४३ प्रतिशत वृद्धवृद्धाले रास्वपाका उम्मेदवारलाई भोट दिने उनले दावी गरे । वृद्धभन्दा वृद्धाहरु बालेनप्रति बढी आकर्षित देखिएको ती केन्द्रीय नेताको बुझाई छ ।

उमेर समूहका आधारमा यसपटक दावी गरिएको मतदाताहरुको संख्या अघिल्लो निर्वाचनमा झापा ५ मा रास्वपाले ल्याएको समानुपातिक मतसंग भने विल्कुलै मेल खादैन । अघिल्लो निर्वाचनमा झापा ५ मा रास्वपाले एमालेपछि दोस्रो स्थानमा समानुपातिक मत ल्याएको थियो । एमालेले ३५ हजार ८७२ समानुपातिक मत ल्याउँदा रास्वपाले १८ हजार २०५ मत ल्याएको थियो । त्यस्तै कांग्रेसले १६ हजार ८५९ , माओवादी केन्द्रले ८ हजार ६८० र राप्रपाले ७ हजार ३७० मत समानुपातिक मत ल्याएका थिए । निर्वाचनमा उमेर समूहको भन्दा पार्टीको मत निर्णायक हुन्छ ।

झापाका पाँचवटा निर्वाचन क्षेत्रमध्ये सबैभन्दा बढी मतदाता क्षेत्र नम्बर ५ मा रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । यसपटक थपिएका ५० हजार नयाँ मतदातासहित जिल्लामा सात लाख १३ हजार ५३७ मतदाता रहेका छन् । झापा ५ मा ६१ वटा मतदानस्थल र १८५ वटा मतदान केन्द्र रहेका छन् ।

## फागुन १२ गते रवि झापा आउँदै

झापा, फागुन १० । चुनाव प्रचार प्रसारका लागि राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने झापा आउने भएका छन् । उनी फागुन १२ गते झापाको चुनावी कार्यक्रमका लागि आउन लागेका हुन् । मंगलवार बिहान ८ बजे काठमाडौबाट चन्द्रगढी विमानस्थलमा अवतरण गरी उनले पार्टीको ३ नं क्षेत्रीय सभालाई संबोधन गर्ने भएका छन् । भद्रपुर विद्युत प्राधिकरण अधिको खुला मैदानमा आसन्न



निर्वाचन लक्षित सभालाई उनले संबोधन गर्ने भएका हुन् । त्यसपछि उनले झापा ४ को सुरुङ्गा र झापा ५ को दमकमा भेटघाट गर्ने भएका छन् । दमकमा झापा ५ का उम्मेदवार बालेन शाहसंग उनले घरदैलो गर्ने बुझिएको छ । भद्रपुरको कार्यक्रममा बालेन आउने कि नआउने भनेर टुंगो भइसकेको छैन । झापा ३ मा चुनावी माहौल बनाउन बालेनलाई लैजाने पहल भइरहेको छ । झापाको कार्यक्रम सकेर सभापति लामिछाने दिउँसो १ बजेतिर सुनसरीको इटहरी जाने कार्यतालिका रहेको छ ।

## राधिका शाक्यद्वारा लिखित 'मेरा अनुभूति' सार्वजनिक

दमक । राधिका शाक्यद्वारा लिखित पुस्तक 'मेरा अनुभूति' को आइतबार दमकमा लोकार्पण गरिएको छ । नेकपा एमालेका अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीकी पत्नीसमेत रहेकी शाक्यले लेखेकी जीवनका अनुभवहरु समेटिएको संग्रहको नवसंस्करण एक कार्यक्रमका विच लोकार्पण गरिएको हो ।
एमाले अध्यक्ष ओलीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा ओलीसहित कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की, मधेश प्रदेशकी पूर्वप्रमुख सुमित्रा भण्डारीलगायतले संयुक्तरुपमा कृति विमोचन गरे । कृति पाणिनी प्रकाशनले बजारमा ल्याएको हो । त्यस अवसरमा आइतबार नै एमाले अध्यक्ष ओली र शाक्य विचको बैवाहिक वर्षगाँठ समेत परेकाले पाणिनी प्रकाशनले उनीहरुलाई अभिनन्दनसमेत गरेको थियो । कार्यक्रममा शाक्यले आफ्नो वैवाहिक जीवनका विभिन्न रोचक र भावुक क्षणहरु समेत सुनाएकी थिइन् ।

१४ वर्ष जेल जीवन विताएर कमजोर शरीर लिएर आएको व्यक्तिसँग आफूले कुनै अपेक्षा समेत नराखी विवाह गरेको उनले सुनाइन् । उनले भनिन्, 'केपी ओली सांसद हुनुहोला, मन्त्री हुनुहोला वा प्रधानमन्त्री नै बन्नुहोला भन्ने केहि सोचेको थिइनँ, केवल उहाँसंग भावनात्मक रुपमा एक भएकाले विवाह गरेको हुँ ।'

त्यस क्रममा उनले २०४४ साल फागुन १० गते विवाहपछि सयौं पटक झापा र दमक आए पनि यस वर्षको क्षण विशेष लागेको उल्लेख गरिन् । 'आजको दिनलाई खास उत्सवको रुपमा मनाउने हाम्रो चलन पनि थिएन, गत वर्षदेखि मात्र साथीहरुले शुरु गरिदिनु भएको हो' उनले भनिन्, 'यस वर्ष त कस्तो संयोग पर्यो भने, झापामा नै रहेका बेला वर्षगाँठ पर्यो । त्यसैले पहिलो पटक नयाँ रातो साडी लगाएर यहाँ उपस्थित भएको छु ।'
केपी ओलीले मन्त्री वा प्रधानमन्त्री बनेर अकुत सम्पत्ति कमायो भन्नेहरुले आरोप लगाएपछि आफूहरुसँग कुनै निजी सम्पत्ति नरहेको भन्दै उनले आफूहरुको वास्तविकता कस्तो छ नजिक हुनेहरुलाई मात्र थाहा भएको समेत प्रष्ट पारिन् ।

## रास्वपाबाट लोकतन्त्र खतरामा छ : एमाले

काठमाडौँ । नेकपा (एमाले)का केन्द्रीय सदस्य समिक बडालले अराजकताको नेतृत्व गर्ने राष्ट्रिय स्वतन्त्र पार्टीबाट लोकतन्त्र खतरामा रहेको टिप्पणी गरेका छन्। आइतवार काठमाडौँमा आयोजित कार्यक्रममा बोल्दै बडालले यस्तो



टिप्पणी गरेका हुन्। उनले डिस्कोर्डबाट गठित सरकारले जेनजी आयोगको अनुसन्धान प्रतिवेदन समयमै सार्वजनिक नगरेर एमालेलाई आरोपित गर्ने प्रयास गरिरहेकोप्रति आपत्ति जनाए।
बडालले भने, 'राष्ट्रिय स्वतन्त्र पार्टीबाट नै लोकतन्त्र खतरमा छ जस्तो अनुभूति हुन्छ। काँग्रेस-एमालेको सरकारको क्रममा भएको जेनजी आन्दोलनमा जुन किसिमको क्षति भयो। त्यसको भोलिपल्ट हाम्रा सम्पदा जले, कैयौँले मृत्युवरण गरे।' उनले आउने निर्वाचनमा पार्टीले बहुमत ल्याउने दाबी पनि गरे।




## देश बदल्नेहरू पहिला आफू बदलिनु पर्छ : उपसभापति शर्मा

भद्रपुर । नेपाली काँग्रेसका उपसभापति विश्वप्रकाश शर्माले देश बदल्ने अठोट बोक्नेहरू पहिला आफू बदलिनु पर्ने बताएका छन् । उपसभापति शर्माले झापा १ अन्तर्गत भद्रपुर १० चन्द्रगढीमा आयोजित नेपाली काँग्रेसको चुनावी कोणसभालाई सम्बोधन गर्दै देश बदल्छौं भनेर बोल्ने मात्र होइन पहिला आफू परिवर्तन भएर नेतृत्वमा नआएसम्म देश नबदलिने धारणा राखेका हुन् ।
झापा १ का निवर्तमान संघीय सांसद समेत रहेका शर्माले आफ्ना गल्ती नसच्याउने, कमजोरी स्वीकार नगर्ने अनि देश बदल्छौं भन्दै ठूलो स्वरमा कराउने प्रवृत्तिले नेपालको राजकीय परम्पराको विकृति नहट्ने उल्लेख गर्दै नेपाली काँग्रेसको नेतृत्व सच्चिएर बदलिने



प्रतिज्ञासहित आएको जनाए । उपसभापति शर्माले हिजोका गल्तस् अब नदोहोरिने भन्दै हात हल्लाएको भरमा प्रष्ट विचार र धारणाविना देशका समस्या हल नहुने प्रष्ट पार्दै देशभित्रका समस्या पहिचान गरेर हल गर्ने सामर्थ्य काँग्रेससित मात्र रहेको धारणा राखेका छन् ।
कार्यक्रममा नेपाली काँग्रेसका तर्फबाट झापा १ का लागि संघीय सांसदका प्रत्यासी केशवराज पाण्डेले आफ्नो उम्मेदवारी झापा १ का लागि आर्थिक सवलीकरण र उद्यमशील वातावरण निर्माणका लागि रहेको बताए । उम्मेदवार पाण्डेले आफूलाई नयाँ दावी गर्ने उम्मेदवारसित झापा १ लाई समृद्ध बनाउने खाका खै भन्दै उद्यमशील नागरिकको बसोबास रहेको क्षेत्र निर्माण गर्न उद्योग, व्यापार, कृषि, पर्यटन जस्ता आर्थिक समृद्धिका क्षेत्र निर्माणमा आफूसित प्रष्ट अवधारणा रहेको दावी गरे । उम्मेदवार पाण्डेले झापा १ अन्तर्गत उत्तरी बस्ती बाहुण्डाँगी, शान्तिनगरदेखि दक्षिणमा चन्द्रगढी, ज्यामिरगढीसम्म उद्यमशील वातावरणका लागि दीर्घकालीन लक्ष्यसहित काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । नेपाली काँग्रेस भद्रपुर १० का सभापति विष्णुप्रसाद काफ्लेले स्वागत गरेको कार्यक्रममा भद्रपुर नगर सभापति रामबहादुर कँडेलको सभापतित्व रहेको थियो । युवा नेता देवेन्द्र गौतमको सहजीकरणमा सम्पन्न सभामा समानुपातिक तर्फकी उम्मेदवार गोमाकुमारी भट्टराई, काँग्रेस महाधिवेशन प्रतिनिधि अशोक पोखरेलले धारणा राख्दै विषम परिस्थितिमा हुन लागेको निर्वाचनमा होहल्लाका भारमा नभएर संयमित रहँदै सोचविचार गरेर मतदान गर्न सवै मतदातासित अनुरोध समेत गरेका थिए ।

## 'प्रचारप्रसारमा निर्वाचन चिह्नको भौतिक स्वरूप प्रयोग नगर्नू'

काठमाडौं । निर्वाचन आयोगले निर्वाचन प्रचारप्रसार गर्दा निर्वाचन चिह्नको भौतिक स्वरूप प्रयोग नगर्न आग्रह गरेको छ। आयोगले आइतबार विज्ञप्ति जारी गरेर आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा सहभागी कतिपय राजनीतिक दल वा उम्मेदवारले निर्वाचन चिह्नको प्रचारप्रसार गर्दा भौतिक स्वरुपको निर्वाचन चिह्न प्रयोग गरेको भन्दै ध्यानाकर्षण गराएको हो।

निर्वाचन चिह्न साथमै बोकी प्रयोग गर्ने र जनसमुदायको समग्र शान्तिमा प्रतिकूल असर पारेको गुनासोहरू आएको आयोगले जनाएको छ। आयोगका अनुसार राजनीतिक दल वा उम्मेदवारले कपडा, तुल, फ्लेक्स वा कागजमा छापी वा प्रिन्ट गरी तोकिएको मापदण्ड बमोजिम आफ्नो निर्वाचन चिह्नको प्रचारप्रसार गर्न सक्ने छन्। सोको सट्टामा कुनै धातु, काठ वा अन्य त्यस्तै प्रकृतिका सामग्रीबाट बनेको भौतिक स्वरूपका निर्वाचन चिह्न लिई निर्वाचन प्रचारप्रसार गर्दा सुरक्षा जोखिम बढेको उजुरी तथा गुनासोहरु आएको आयोगमा विज्ञप्तिमा उल्लेख गरेको छ।

## पूर्वमन्त्री रञ्जितालाई धरौटीमा छाड्न आदेश

काठमाडौँ । पोखरा लिचीबारी जग्गा घुस प्रकरण मुद्दामा पूर्वमन्त्री एवं नेकपा नेत्री रञ्जिता श्रेष्ठलाई विशेष अदालतले धरौटीमा छाड्न आदेश दिएको छ।
आइतवार विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट, न्यायाधीशहरू हेमन्त रावल र डिल्लीरत्न श्रेष्ठको संयुक्त इजलासले पूर्वमन्त्री श्रेष्ठलाई ५ लाख धरौटीमा छाड्न आदेश दिएको हो।
पोखराको लिचीबारी प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तत्कालीन संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता र तत्कालीन भूमि, व्यवस्था सहकारी तथा गरिबी निवारणमन्त्री रञ्जिता श्रेष्ठ र ५ जना बिचौलियासहितलाई गत असोज २२ गते घुस प्रकरणमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो। गत असार २८ मा मन्त्री गुप्ताको ५३ लाख रुपैयाँ घुस लिएको अडियो सार्वजनिक भएको थियो। गुप्तालाई भने यसअघि थुनछेक बहसमा विशेष अदालतले थुनामा पठाउन आदेश दिएको थियो।

# भूमि आयोगमा जग्गा प्राप्तिका लागि ११ लाखको निवेदन

काठमाडौं । राष्ट्रिय भूमि आयोगमा जग्गा पाउन निवेदन दर्ता गर्ने 'भूमिहीन दलित', 'भूमिहीन सुकुम्वासी', 'अव्यवस्थित बसोबासी' को संख्या ११ लाख पुगेको छ।




जग्गा माग गर्नेमा भूमिहीन दलित र भूमिहीन सुकुम्वासी तीन लाख र अव्यवस्थित बसोबासी आठ लाख रहेको आयोगले जनाएको छ।

आयोगका विज्ञ सदस्य टेकबहादुर शाहले एकद्वार प्रणालीबाट लगत सङ्कलनका लागि स्थानीय तहसँग समन्वय र सहकार्य गरिएको जानकारी दिए।

आयोग मातहतका जिल्ला समिति, सम्बन्धित पालिका तथा वडा तहसँग समन्वय गरी सबैको प्रमाणीकरण गरिने उनले बताए। भूमिहीन सुकुम्वासीको व्यवस्थापन राज्यको दायित्व भएकाले लगत सङ्कलन थालिएको उनको भनाइ छ।

भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको सिफारिस गर्ने क्रममा स्थानीय तहले राम्रोसँग अध्ययन तथा मापदण्डको प्रक्रिया पूरा गरेपछि मालपोत कार्यालयमा जमिन भए/नभएको लगत परीक्षण गरिने विज्ञ सदस्य शाहले उल्लेख गरे।

यी प्रक्रिया पूरा गरेका भूमिहीन सुकुम्बासीलाई आयोग मातहतका जिल्ला समितिले लालपूर्जाका लागि भूमि, सहकारी तथा गरिबी निवारण मन्त्रालयलमा सिफारिस गर्ने उनले जानकारी दिए।

निवेदन दर्ता गरेका भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी परिवारको प्रमाणीकरणका लागि आयोगले स्थानीय तहसँग समन्वय गरी काम गरिरहेको जनाएको छ।

# गुरुभक्त न्यौपाने स्मृति फुटबलको उपाधि निदिलाई

झापा । बिर्तामोड-४ स्थित कञ्चनजङ्गा इङ्लिस सेकेन्डरी स्कुलले आयोजना गरेको प्रथम गुरुभक्त न्यौपाने मेमोरियल इन्टर स्कुल नकआउट फुटबल प्रतियोगिताको उपाधि निदी सेकेन्डरी स्कुलले जितेको छ।

शनिबार सम्पन्न फाइनल खेलमा निदी सेकेन्डरी स्कुलले देवी माध्यमिक विद्यालयलाई २-१ गोल अन्तरले पराजित गर्दै प्रतियोगिताको पहिलो संस्करणको च्याम्पियन बन्न सफल भएको हो । प्रतिस्पर्धात्मक खेलमा सुरुदेखि आक्रामक देखिएको निदीले निर्णायक गोल गर्दै उपाधि आफ्नो पक्षमा पारेको हो।

उपाधिसँगै विजेता निदीले नगद १० हजार रुपैयाँ, ट्रफी र मेडल प्राप्त गऱ्यो। उपविजेता देवी माध्यमिक विद्यालयले नगद ६ हजारसहित ट्रफी र मेडल हात पार्यो। आयोजक कञ्चनजङ्गा इङ्लिस सेकेन्डरी स्कुल तेस्रो हुँदै नगद ४ हजार ५०० रुपैयाँसहित ट्रफी र मेडल प्राप्त गर्न सफल भयो। चौथो स्थान प्राप्त गर्ने टोलीलाई सान्त्वना पुरस्कारस्वरूप मेडल र ट्रफी प्रदान गरिएको आयोजकले जनाएको छ।

प्रतियोगितामा उत्कृष्ट खेलाडी, उत्कृष्ट गोलकिपर, डिफेन्स, मिडफिल्डर, फरवार्ड, बेस्ट प्लेयर, हाइ स्कोरर, उत्कृष्ट प्रशिक्षक तथा प्रत्येक खेलका म्यान अफ द म्याचलाई आकर्षक ट्रफी प्रदान गरिएको थियो। विद्यालयका संस्थापक तथा शिक्षा क्षेत्रका अग्रज व्यक्तित्व स्वर्गीय गुरुभक्त न्यौपानेको स्मृतिमा गत फागुन ३ गतेदेखि प्रतियोगिता आयोजना गरिएको संस्थापक प्रिन्सिपल डा. केशवराज न्यौपानेले जानकारी दिए। विद्यार्थीभित्र लुकेका प्रतिभा उजागर गर्ने, खेलकुदमार्फत अनुशासन र स्वास्थ्य प्रवर्द्धन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको उनको भनाइ थियो।

प्रतियोगितामा नगर क्षेत्रका सामुदायिक तथा संस्थागत गरी २० विद्यालय सहभागी भएका थिए। आगामी संस्करणलाई अझ विस्तार गर्दै झापा जिल्लाभरिका विद्यालयलाई समेट्ने योजना विद्यालयले सार्वजनिक गरेको छ।

विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष डिल्लीकुमारी न्यौपानेको अध्यक्षतामा सम्पन्न समापन कार्यक्रम निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) झापाका अध्यक्ष छत्रबहादुर कार्कीको प्रमुख आतिथ्यमा भएको थियो। कार्यक्रममा स्वागत मन्तव्य भाइस प्रिन्सिपल अनन्तकुमार राजवंशीले राखेका थिए।

सोही अवसरमा संस्थापक प्रिन्सिपल डा. न्यौपानेले स्वर्गीय गुरुभक्त न्यौपानेको नाममा एक करोड रुपैयाँको अक्षयकोष स्थापना गर्ने घोषणा गरे। उक्त कोषको ब्याजबाट हरेक वर्ष सामाजिक क्षेत्रमा सहयोग प्रदान गरिने उनले बताए।

कार्यक्रममा विभिन्न विद्यालयका प्रतिनिधिहरुले खेलकुदले विद्यार्थीको समग्र विकासमा महत्वपूर्ण भूमिका खेल्ने धारणा व्यक्त गरेका थिए। कार्यक्रमको सञ्चालन शिक्षक तथा प्रतियोगिता संयोजक दिपक सिटौलाले गरेका थिए।

# सुपर ८ मा श्रीलंकालाई हराउँदै इङ्ल्यान्ड विजयी

काठमाडौं । आइसीसी टी२० विश्वकप २०२६ अन्तर्गतको सुपर




८ मा श्रीलंकालाई फराकिलो अन्तरले पराजित गर्दै इङ्ल्यान्डले विजय सुरुवात गरेको छ। समूह बी अन्तर्गत रहेको सुपर ८ को खेलमा श्रीलंकालाई ५१ रनले हराएको हो।

श्रीलंकास्थित पाल्लेकेले इन्टरनेशनल क्रिकेट स्टेडियममा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको इङ्ल्याण्डले निर्धारित २० ओभरमा नौ विकेट गुमाउँदै १४६ रन बनाएको थियो। इङ्ल्यान्डले दिएको १४७ रनको विजय लक्ष्य पछाएको श्रीलंका १६.४ ओभरमा ९५ रनमा अल आउट भयो। श्रीलङ्काको ब्याटिङ चल्न सकेन श्रीलंकाका लागि कप्तान दासुन सनाकाले सर्वाधिक ३० रन बनाए। शीर्षक्रमका चार ब्याटरले दोहोरो अङ्कमा रन नबनाउँदै पेबिलियन फर्किँदा श्रीलंकाको ब्याटिङ धरापमा परेको हो। दुनीथ बेल्लालागेले १० रन, कामिन्दु मेन्डिसले १३ रन बनाए। महेश थेक्साना १० रनमा अभिजित हुँदा अन्य कुनै पनि खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन्।

श्रीलङ्कालाई सस्तैमा समेट्न इङ्ल्यान्डका विल ज्याक्सले सर्वाधिक ३ विकेट लिए। जोफ्रा आर्चर, लियम डुवासन र आदिल रसिदले २-२ विकेट लिँदा ज्यामी ओभरटनले १ विकेट लिए। त्यसअघि, ब्याटिङ गरेको इङ्ल्यान्डका लागि फिल साल्टले ६२ रनको अर्धशतकीय पारी खेलेका थिए। उनले ४० बलमा ६ चौका र दुई छक्का प्रहार गर्दै एक तर्फबाट इङ्ल्यान्डको इनिङ सम्हालेका थिए। इङ्ल्यान्डको पनि सुरुवाती शीर्षक्रम चलेको थिएन। फिल साल्टले एक तर्फबाट इनिङ सम्हाल्दै पारीलाई अगाडि बढाए। कप्तान ह्यारी ब्रुकले १४ रनको योगदान गरे। साम करनले ११ रन, विल ज्याक्सले २१ रन बनाउँदा ज्यामी ओभरटन १० रनमा अविजित रहे।

श्रीलङ्काको लागि बलिङतर्फ दुनिथ बेल्लालागे सर्वाधिक ३ विकेट लिए। दिलसन माधुसान्का र महेश थेक्सानाले २-२ विकेट लिए। दुस्मान्था चमेराले १ विकेट लिए।

# झापा २ मा बौद्धिक उम्मेदवार म मात्रै हुँ–डा. संग्रौला

झापा, फागुन १० । झापा २ मा १८ जना उम्मेदवार बनिरहँदा स्वतन्त्र उम्मेदवारी दिएका डा. युवराज संग्रौलाले आफू मात्र बौद्धिक उम्मेदवार भएको दावी गरेका छन् ।

शनिवार साँझ बिर्तामोडमा पत्रकारहरुसंग कुरा गर्दै डा.संग्रौलाले आफूले हार्नु भनेको झापाको बौद्धिक वर्गको हार हुनु भएको बताए । नागरिक सर्वोच्चताका लागि राजनीतिमा होमिएको बताउने संग्रौलाले भने,' मलाई हारजितको तनाव छैन , मैले हारे भने नेपालको राजनीतिक प्रक्रिया २५ वर्ष पछि धकेलिन्छ , बौद्धिक वर्ग अझ धेरै पलायन हुन्छ ।'

राजनीतिक दलहरुले वौद्धिक वर्गलाई प्राथमिकता नदिएको बताउँदै उनले नेपालको राजनीतिक प्रणालीलाई सुधार गर्नकै लागि बौद्धिक वर्गको अगुवाई आफूले गरिरहेको बताए । नेपालको अर्थतन्त्र , औद्योगिक तथा परराष्ट्र नीति , विसर्जन कृषि, युवा पलायन,बेरोजगारीलगायतका एजेन्डा लिएर आफू चुनावी मैदानमा उत्रिएको उनको भनाई छ ।

# ओलीको कार्यक्रममा सन्थाल बालकहरुलाई भाडामा प्रयोग



झापा, फागुन १० । नेकपा एमालेका अध्यक्ष केपी ओलीको चुनावी कार्यक्रममा निर्वाचन आचारसंहिताविपरित सन्थाल बालकहरुलाई भाडामा प्रयोग गरेको पाइएको छ ।

शनिवार झापाको भद्रपुरमा आयोजित ३ नं. क्षेत्रीय कार्यकर्ता भेलामा ओलीलाई स्वागत गर्नका लागि सन्थाल बालकहरुको नृत्य टोली बोलाइएको हो । तामझाम देखाउन एमालेले सन्थाल नृत्य टोलीलाई हाजिरा दिएर भाडामा ल्याएको थियो । जातीय पोशाक , गरगहना र बाजागाजासहितका सन्थालहरुलाई ल्याइएको थियो । अघिल्लो निर्वाचनमा मनोनयन दर्ताका बेला अधिकांश उम्मेदवारहरुले तामझाम देखाउन सन्थालहरुलाई भाडामा ल्याएका थिए ।

पूर्वी नेपालमा आदिकालदेखि बसोबासरत आदिवासी सन्थालहरु लोपोन्मूख अबस्थामा छन् । उनीहरुको संरक्षणका लागि नेपालका कुनै पनि राजनीतिक दलले वास्ता गरेका छैनन् । उनीहरुलाई राजनीतिक दलहरुले भोट बैंक र मनोरंजनको साधनको रुपमा मात्र प्रयोग गर्दै आएका छन् ।

चुनावी कार्यक्रममा १८ वर्ष मुनिका बालबालिकालाई प्रयोग गर्नु भनेको निर्वाचन आचारसंहिता र नेपालको बाल ऐनविपरित भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

## सिमसार...

सहरमा सम्पन्न सिमसारसम्बन्धी अन्तर र्राष्ट्रिय सम्मेलनबाट सुरु भएको रामसार महासन्धिअन्तर्गत संसारका १७२ राष्ट्र सिमसार संरक्षणका लागि साझा रूपमा प्रतिबद्ध छन्। नेपाल सन् १९८८ मा रामसार महासन्धिको पक्ष राष्ट्र भएको थियो।

कोशी टप्पु वन्यजन्तु आरक्ष, राराताल, माई पोखरी, फोक्सुण्डो ताल, बिसहजारी ताल, घोडाघोडी ताल, गोसाइँकुण्ड तथा आसपासका ताल, गोक्यो ताल, जगदीशपुर जलाशय र पोखरा उपत्यकाका तथा त्यस क्षेत्रका नौवटा ताल रामसार सूचीमा समावेश छन्। धेरैजसो र ठूला सिमसार वन क्षेत्र, राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्छन्। विशेषगरी तराईदेखि हिमाली भेगसम्म नै सबै पारिस्थितिकीय भौगोलिक क्षेत्रहरूमा सिमसार अवस्थित छन्। तराई, पहाड र हिमाली क्षेत्रहरूमा अन्तर्राष्ट्रिय महत्व बोकेका सिमसार क्षेत्र रहेका छन्।

**किन महत्वपूर्ण छ सिमसार ?**

पृथ्वीमै रहेको सबैभन्दा बढी उत्पादक जैविक विविधताले सम्पन्न भएको र पारिस्थितिक रूपले एकदमै महत्वपूर्ण क्षेत्र सिमसार जसले जमिन र पानी दुईवटै समेट्छ।

पशुपक्षी, जीवजन्तु, वनस्पति, बोटविरुवा प्रणाली समेट्ने हुनाले सिमसारको महत्व झनै धेरै छ। वरपरको वातावरण, जैविक विविधता, प्राणी-जीवन, विभिन्न आदिवासी समुदायको पूजा गर्ने ठाउँदेखि माछा मार्ने, कृषि प्रणाली, आय आर्जन, धर्म, संस्कृति, रोजगारी लगायतको विशेषता सिमसार क्षेत्रले बोकेको छ।

यसले पारिस्थितिक प्रणालीलाई संतुलन कायम राख्नमा पनि निकै महत्वपूर्ण भूमिका निर्वाह गर्छ।

पछिल्ला वर्षहरूमा देखिएको बढ्दो जलवायु परिवर्तनको असरलाई नियमन र न्यूनीकरण गर्ने, भूमिगत पानीलाई पुनर्भरण गर्ने, प्रदूषित पानीलाई शुद्धिकरण गर्ने, बाढीको प्रवाह नियन्त्रण गर्ने (बाढी ल्याएका बस्तुहरू सिमसारको ठाउँमा आएर समेटिन्छ र त्यहाँ जम्मा हुन्छ), माटोको क्षयीकरण रोकथाम गर्ने, प्रदूषण निष्काशनहरूलाई पनि नियन्त्रण गर्ने काम गर्छ।

यी सबै कामले इकोसिस्टम ब्यालेन्स गर्न मद्दत पुग्छ। हजारौं वनस्पति, कीरापतिङ्गाहरू, माछा, सरिसृप, पशुपक्षी, विभिन्न खालका चराचुरुङ्गीहरूको वासस्थान, प्रजनन/बच्चा कोरल्ने ठाउँ र तिनीहरूको विकास हुने ठाउँ बनेकोले जैविक विविधताको संरक्षणमा समेत सिमसारले महत्वपूर्ण काम गरिरहेको छ।

धेरैजसो जनावर र पक्षीका प्रजातिहरू पानी र सिमसारको विशिष्ट इकोसिस्टममा नै बाँच्न सक्छन्। यसैगरी समुदायको जीवनयापन र रोजगारीको स्रोतका रूपमा पनि सिमसारले मद्दत पुऱ्याएको छ।

नेपाली संस्कृति, परम्पराअन्तर्गत पानीको पूजादेखि माछा पालन, उत्पादनका काम, पर्यटन क्षेत्र, जडिबुटी संकलन गर्ने, हस्तकलाका सामान बनाउन आवश्यक पदार्थ पाइने थलोका रूपमा समेत सिमसार क्षेत्र रहेको छ।

आम्दानी, रोजगारीको अवसर हुने भएकाले सिमसार क्षेत्रले ग्रामीण अर्थव्यवस्थालाई महत्वपूर्ण सेवा पुऱ्याउन सक्छ। पर्यटनका लागि एउटा महत्वपूर्ण ब्रान्ड हुन सक्छ भनेर दाबी गर्न सकिन्छ।

विश्वव्यापी तापक्रम वृद्धि भइरहेको अवस्थामा कार्बन शोषण गर्ने काम पनि सिमसारमा भएका वनस्पतिहरूले गरिरहेको छ। यसले जलवायु परिवर्तनको नकारात्मक असरबाट बच्नका लागि कार्बन सञ्चितिको काममा मद्दत गर्छ। सिमसारले कार्बनलाई जमिन र पानीको दुईटै तहमा सन्तुलन गरिराख्ने काम गर्छ। बढ्दो तापमानका बीच पनि सिमसार क्षेत्र नजिक जाँदा शीतल महसुस गर्न सकिन्छ। तराईमा यो कुरा महसुस भइहाल्छ।

त्यसैले सिमसारको संरक्षणले ग्लोबल वार्मिङ र क्लाइमेट चेन्जसँगको असर न्यूनीकरण गर्ने काममा सामूहिक प्रयासका लागि त्यसको उत्थानशीलता बढाउन मद्दत गर्छ।

**सिमसार संरक्षणमा कानुनी व्यवस्था**

जथाभावी अतिक्रमण, दोहनले सिमसारमा रहेका औषधिजन्य वनस्पति खेर गइरहेको छ। यसैगरी पानीको तह (लेवल) घट्ने तथा माटो र पानीको सन्तुलन बिग्रिँदै गएको छ। जुन सिमसार क्षेत्रका लागि निकै खतरनाक विषय हो। सरकारले सिमसार संरक्षणको प्रयास गर्दै नगरेको भने होइन। रामसार महासन्धि, जैविक विविधता महासन्धि र जलवायु परिवर्तन महासन्धिको पक्षधर राष्ट्र भएकाले सिमसार संरक्षणका लागि कानुनी रूपमा प्रतिबद्ध रहेको नेपालमा सिमसार संरक्षण र व्यवस्थापनका लागि विभिन्न ऐन तथा नीति कार्यान्वयनमा छन् तर जोखिम रोक्न सकिएको छैन। नेपालको जलस्रोत संरक्षण ऐन, २०४९, जलचर संरक्षण ऐन, २०१७, वातावरण संरक्षण ऐन २०७६, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय सिमसार नीति २०६९, राष्ट्रिय रामसार रणनीति जस्ता सिमसारको संरक्षण, व्यवस्थापन र समुदाय सहभागितालाई प्रवर्द्धन गर्ने कानुनी व्यवस्था छन्।

सिमसारहरूलाई वर्गीकरण गर्ने, नक्सांकन गर्ने, तथ्यांक पत्ता लगाएर संरक्षणका लागि महत्वपूर्ण सिमसार क्षेत्र घोषणा गर्ने काम भएका छन्।

संघीय सरकार, प्रदेश सरकार, स्थानीय तहहरूले सिमसार क्षेत्रको संरक्षणमा काम गरिरहेका छन्। लुम्बिनी प्रदेशले जगदीश्वर माललाई प्रदेशको महत्वपूर्ण सिमसार क्षेत्र (इम्पोर्टेन्ट वेटल्याण्ड) को रूपमा घोषणा गरेको छ।

इलामको माई पोखरी पर्यटनका लागि महत्वपूर्ण छ। यसका बाबजुद विकास निर्माण र सौन्दर्यीकरणको नाममा सिमसारमा सिमेन्टीकरण भइरहेको छ। एकातिर सिमसार संरक्षण भन्ने, अर्कोतिर घेराबारा गर्ने, जनावरले पनि खाना, पानी खान नपाउने लगायतका थुप्रै विषयमा अझै ध्यान दिनुपर्ने आवश्यकता छ।

नेपालमा हजारौं हिमतालहरू छन्। तिनलाई उचित व्यवस्थापनसहित संरक्षण गरेर राख्न आवश्यक छ। तिनका जलवायुलाई ध्यान नदिने हो भने फुटेर अर्को क्षति पुऱ्याउन सक्छन्। जनजाति आदिवासीहरूको परम्परागत अधिकार, उनीहरुको पहिचानलाई जोगाउन सिमसार धेरै महत्वपूर्ण छ। माटो, पानी, हावा, सूर्य र वनस्पतिलाई पूजा गर्ने गर्ने संस्कार बोकेको पूर्वीय संस्कृतिलाई ध्यान दिदै सिमसार जोगाउनुपर्छ।

**संरचना र क्षेत्रगत उल्झन !**

सिमसारसँग सम्बन्धित विषय वन तथा वातावरण मन्त्रालयको कार्यक्षेत्र पर्दै आएको छ। तथापि सिमसारले वन तथा वातावरणमात्र नभई कृषि, उद्योग, पर्यटन समग्र आर्थिक क्षेत्र समेतलाई समेटेको छ। तर यसको संरक्षणमा देखिएको चुनौतीको कुरा गर्दा, संरचनागत अप्ठ्यारा पनि देखिन्छन्। योजनाबद्ध समान दृष्टिकोण राखेर कुनै सिमसारलाई कृषि र सिँचाइले पानीको स्रोतको रूपमा मात्र मान्दछ। उसले त्यहाँबाट कुलो खनेर पानी लैजान्छ। उदाहरणका लागि सुनसरी जिल्लामा १५२ बिघामा फैलिएको बर्जु ताल छ, जुन चिमाडी तालको नामले पनि चिनिन्छ। कोशी टप्पु वन्यजन्तु आरक्षसँग जोडिएर रहेको यो ताल त्यस क्षेत्रको मुख्य पर्यटकीय गन्तव्य स्थलको रूपमा रहेको छ भने यो सिँचाइको महत्त्वपूर्ण साधन हो । कतिपय ठूल्ठूला सिमसारबाट बग्ने नदी, खोला, कुलो, खोल्साको स्रोतको रूपमा रहेको छ। कृषि, सिँचाइले त्यसलाई पानीको स्रोतको रूपमा मात्रै हेर्ने र सिँचाइ कुलो बनाउने गर्छ तर स्रोतमा ध्यान दिएको पाइँदैन। यसले गर्दा अतिक्रमण भइरहेको छ र स्रोत सुक्दै छ। त्यस क्षेत्रमा जलकुम्भी लगायतका विभिन्न झार, प्रजाति आइराखेका छन्।

त्यहाँ एउटाले फोहर फाल्ने, अर्कोले सामुदायिक पिकनिक स्थल बनाइदिने तर व्यवस्थापन गर्ने निकायले हेर्न नसकेको देखिन्छ। स्थानीय तह, अन्य क्षेत्रगत निकायको पनि भूमिका र जिम्मेवारी छ तर सिमसारलाई संरक्षण गर्ने र बुझ्ने एउटै, योजनाबद्ध दृष्टिकोण भने छैन।

यसप्रकारको योजनामा हामी अल्मलिएको र हाम्रो दृष्टिकोण एउटै नभएको कारणले गर्दाखेरि सिमसार संरक्षणमा चुनौती छ। त्यसैले अब सिमसारको पनि दस्तावेज र योजनालाई सबै निकायले उपयोगसँगै महत्व बुझ्ने र त्यसको संरक्षण हेतु अपनत्व लिने गरी काम अगाडि लैजानुपर्ने आवश्यकता छ।


## बिमालेख हराएको सूचना

लाईफ इन्स्योरेन्स कर्पोरेसन(नेपाल) लि.बाट मेरो नाममा जारी गरिएको २०००२५३९० नम्बरको बिमालेख केही समय अघि देखी हराएको हुनाले उक्त बीमालेख प्राप्त गर्नुहुनेले एल.आई.सी. को नजिकको शाखा कार्यालय वा मलाई निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**नामः विधान जयसवाल**
**ठेगानाः बिर्तामोड १, झापा**
**बीमालेख नं. : २०००२५३९०**
**सम्पर्क नं. : ९८५२६७३१६२**

## निर्वाचनको समयमा सामाजिक सञ्जाल प्रयोग गर्दा ध्यान दिऔं ।

- **गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन हुँदैन ।**
- **कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स एआई) को प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउन, दुष्प्रचार गर्न, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टिकाटिप्पणी गर्न वा गराउन हुँदैन ।**
- **निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन गर्न र गराउन हुँदैन ।**
- **निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने गरी सामाजिक सञ्जालमा झुटा साइट खोल्न वा सञ्चालन गर्न गराउनु हुँदैन ।**
- **एआईको प्रयोग गरी वा नगरी कुनै दल वा उम्मेदवारविरुद्ध कुनैपनि श्रव्य वा श्रव्यदृष्य सामग्री उत्पादन तथा प्रचारप्रसार गर्न गराउन हुँदैन ।**
- **निर्वाचन आचारसंहिता उल्लङ्घन भएको पाइए तत्काल निर्वाचन आयोग वा विज्ञापन बोर्डमा उजुरी गरौं ।**
- **निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## १५ दिने सूचना

सधियार दक्षिणः निरा प्रसाई को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ६ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री श्रुती शाहीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ३ | १७९-०१ १९ | २२० | ३४० व.मी. | २०८२/ १० /२० | २०८२/ १० /२० | २०८२/ ११/०८ |

## सम्पादकीय

# धार्मिक सहिष्णुता कायम गरौं

**रौतहटको गौरपछि पर्साको वीरगन्जमा पनि तनाव भएको छ । वीरगन्ज–११ श्रीपुरमा आइतबार बेलुकी दुई फरक समुदाय बीचको विवादका कारण अवस्था तनावग्रस्त बनेको छ। आइतबार साँझ केही युवाहरूबीच विवाद भई कुटपिट हुँदा त्यही विषयलाई लिएर तनाव उत्पन्न भएको हो। एउटै टोलका दुई समुदायहरू एकअर्कामाथि आक्रमणमा उत्रिएका छन्। स्थिति नियन्त्रणमा लिन नेपाल प्रहरी र सशस्त्र प्रहरी ठूलो संख्यामा परिचालन गरिएको छ।यसअघि गौरमा तनाव भएको थियो ।सरकारले धार्मिक सहिष्णुता र सम्मान कायम राख्न अपिल गरेको छ। गृहमन्त्रालयले शनिवार एक विज्ञप्ति जारी गर्दै सबै धर्म, समुदायबीच धार्मिक सहिष्णुता र सम्मान कायम गर्न अपिल गरेको हो। मन्त्रालयकी सहप्रवक्ता रमा आचार्य (सुवेदी) ले विज्ञप्ति जारी गर्दै विभिन्न धर्म, जातजाति, वर्ग, क्षेत्र वा सम्प्रदायबीचको सम्बन्धमा खलल पुर्‍याउने, हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने, घृणा वा द्वेष उत्पन्न गर्ने कार्य कानूनद्वारा दण्डनीय रहेको स्मरण गराएकी छन्।**

**विज्ञप्तिमा राजनीतिक दलका झण्डा जलाउने लगायत कानूनले निषेध गरेका क्रियाकलाप गरी सामाजिक सद्भाव र मर्यादामा आँच पुर्‍याउने जस्ता घटनाप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको उल्लेख छ । 'रौतहट, दाङलगायत तराई एवम् मधेशको केही जिल्लाहरूमा धार्मिक सहिष्णुता तथा सद्भावमा गम्भीर असर पुर्‍याउने, धार्मिक एवम् सामाजिक सद्भाव खल्बलाउने, सार्वजनिक तथा व्यक्तिगत सम्पत्तिमा आगजनी तथा तोडफोड गर्ने, राजनीतिक दलका झण्डा जलाउने लगायत कानूनले निषेध गरेका क्रियाकलाप गरी सामाजिक सद् भाव र मर्यादामा आँच पुर्‍याउने जस्ता घटनाप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ ।'**
**उनले भनिन् 'विभिन्न धर्म, जातजाति, वर्ग, क्षेत्र वा सम्प्रदायबीचको सम्बन्धमा खलल पुर्‍याउने, हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने, घृणा वा द्वेष उत्पन्न गर्ने कार्य कानूनद्वारा दण्डनीय रहेको छ । मन्त्रालयले यस्ता गतिविधिलाई सूक्ष्मढंगले निगरानी गरी कानूनद्वारा बर्जित र दण्डनीय कार्य गर्ने जो कोही व्यक्तिलाई कानूनी दायरामा ल्याई कारवाही समेत भइरहेको छ । तसर्थ त्यस्तो कार्य नगर्न नगराउनु हुनका साथै सबै धर्म, समुदायबीच धार्मिक सहिष्णुता र सम्मान कायम गर्न सम्बन्धित सबैमा सादर अनुरोध गरिन् ।' रौतहटमा दुई समुदायको झडप भएपछि कर्फ्यू जारी गरिएको छ। तराई क्षेत्रमा हुनसक्ने गतिविधि प्रतिवेदन पेश गर्ने निर्देशन दिइएको गृह मन्त्रालयका सहसचिव एवम् प्रवक्ता आनन्द काफ्लेले बताए। उनले भने,' निर्वाचनमा तराई क्षेत्रमा हुनसक्ने सम्भावित गतिविधि र सुरक्षा संवेदनशीलतालाई विश्लेषण गरेर प्रतिवेदन तयार गरेर प्रतिवेदन पेश गर्नका लागि प्रहरी अतिरिक्त महानिरीक्षक उमा प्रसाद चतुर्वेदीलाई खटाउने निर्णय भएको छ।'निर्वाचन आउनै लागेकोले संयम बनौं । यस किसिमका साम्प्रदायिक हिंसाले कसैलाई पनि फाइदा दिदैन ।**

# राष्ट्रिय सुरक्षा र विश्वशान्तिको मानक



• सुमन्त घिमिरे

नेपाली सेना नेपाली जनजनको अन्तिम आशाको विम्बको रूपमा स्थापित छ । सेनाको महत्व राष्ट्रको सुरक्षा मात्र होइन, राष्ट्रिय एकता, विपत् व्यवस्थापन, विकास निर्माण र अन्तर्राष्ट्रियस्तरमा शान्ति स्थापना गर्ने भूमिकासँग पनि जोडिएको छ । सैन्य साहित्यको अध्ययनबाट राष्ट्रिय सेना भन्नाले सार्वभौमसत्ता सम्पन्न राष्ट्रियराज्यद्वारा संविधान तथा सरकारको अधीनमा स्थापित आधिकारिक सैन्य सङ्गठन भन्ने अर्थ लाग्छ । भारतका प्रधानमन्त्री लालबहादुर शास्त्रीले आफ्नो कार्यकालमा 'जय जवान जय किसानको' राष्ट्रिय नारा नै तयार गरेर सेना र किसानप्रति सरकारको सद्भाव प्रकट गरेका थिए । सन् १९६५ देखि नेपाली सेनाको नाम 'शाही नेपाली सेना' राखिएको थियो पछि सन् २००८ मा राजतन्त्र अन्त्य भएपछि सेनाको नाम 'नेपाली सेना' राखिएको हो । नेपाली सेना राष्ट्रिय सेना भएकाले राष्ट्र र संविधानप्रति निष्ठावान् भएको प्रतित हुन्छ । तथापि आलोचकले रक्षा खर्च, सैन्य सामग्री खरिद, तथा अनुशासनात्मक कारबाही जस्ता विषयमा सीमित सार्वजनिक जानकारी उपलब्ध हुने गरेको आरोप लगाउने गरेका छन् । सेनाको विरासत नागरिक विश्वास, समयसापेक्ष सुधार, मानव अधिकारको सम्मान र समावेशी संस्थागत विकासमा निर्भर रहने अनुमान गर्न सकिन्छ ।

**संवैधानिक व्यवस्था**
नेपालको संविधान २०७२ को भाग २८ को धारा २६७ मा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता तथा राष्ट्रिय एकताको रक्षाका लागि संविधानप्रति प्रतिबद्ध एक समावेशी स्वरूपको नेपाली सेनाको व्यवस्था छ। नेपाली सेनामा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग तथा पिछडिएका क्षेत्रका नागरिकको प्रवेश समानता र समावेशी सिद्धान्तका आधारमा गरिने प्रावधान राखिएको छ । संविधानमा राष्ट्रपतिलाई नेपाली सेनाको परमाधिपति मानिएको छ ।
नेपाल सरकारले सङ्घीय कानुन अनुसार नेपाली सेनालाई विकास निर्माण, विपत् व्यवस्थापनलगायतका अन्य कार्यमा समेत परिचालन गर्न सक्ने प्रावधान छ। मन्त्रीपरिषद् को सिफारिसमा राष्ट्रपतिले प्रधानसेनापतिको नियुक्ति तथा पदमुक्ति गर्ने संवैधनिक व्यवस्था छ । नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक अव्यवस्थाका कारण गम्भीर सङ्कट उत्पन्न भएमा राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा मन्त्रीपरिषद्को निर्णयबमोजिम राष्ट्रपतिबाट नेपाली सेना परिचालन हुने व्यवस्था छ । नेपाली सेनासम्बन्धी अन्य व्यवस्था कानुनबमोजिम हुने व्यवस्थासमेत संविधानमा गरिएको छ ।

**राष्ट्रिय सुरक्षा र सार्वभौमिकताको रक्षा**
नेपाली सेनाको पहिलो र प्रमुख जिम्मेवारी देशको सीमा सुरक्षा र राष्ट्रिय सार्वभौमिकताको रक्षा गर्नु हो । बाह्य आक्रमण, सुरक्षा चुनौती वा आपत्कालीन अवस्थामा सेना नै अन्तिम र भरोसायोग्य सुरक्षा शक्ति हो । नेपालको संविधान २०७२ को भाग २८ को धारा २६७ अनुसार, नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता भौगोलिक अखण्डता, स्वाधीनता तथा राष्ट्रिय एकताको रक्षाका लागि यस संविधानप्रति प्रतिबद्ध एक समावेशी नेपाली सेनाको व्यवस्था गरिएको छ ।

**विपत् व्यवस्थापनमा अग्रणी भूमिका**
विपत्लाई प्राकृतिक र राजनीतिक रूपले दुई भागमा विभक्त गरी सेनाको भूमिका बुझ्नु पर्छ । प्रथमतः नेपाल भौगोलिक रूपले दुरूह मात्र नभई प्राकृतिक विपत्का हिसाबले संवेदनशील देश हो । भूकम्प, बाढी, हावाहुरी, पहिरो, हिमपहिरो, डढेलो जस्ता विपत्का समुदायमा नेपाली सेनाले उद्धार, राहत वितरण, अस्थायी आवास निर्माणमा अग्रणी देखिन्छ । दुर्गम क्षेत्रमा आवश्यक सामग्री आपूर्ति जस्ता काममा भूमिका खेल्दै आएको छ । अर्कोतर्फ, बेलामौकामा आउने राजनीतिक उथलपुथलको नियन्त्रण र सुरक्षित अवतरण गर्ने कार्यमा पनि नेपाली सेनाको भूमिका प्रशंसनीय छ । हालैको नवयुवापुस्ता (जेन जेड) को नाममा भएको प्रदर्शन र पछि विध्वंसलाई सुरक्षित अवतरण गरिएकोबाट यो तथ्य पुष्टि हुन्छ । सङ्कटकालीन अवस्थामा कानुन तथा व्यवस्था कायम राख्न महत्वपूर्ण भूमिका खेलेको तथ्य छ ।

**पूर्वाधार निर्माणमा सेना**
नेपाली सेनाले दुर्गम र भौगोलिक रूपमा दुरूह क्षेत्रमा ट्र्याक खोल्ने, सडक तथा पुल निर्माण गर्ने काममा समर्पित देखिन्छ । पूर्वाधार विकासका काममा सरकारलाई सहयोग गर्दै राष्ट्रिय विकासमा टेवा पुर्‍याएको पाइन्छ । नेपाली सेनाले राष्ट्रिय विकासमा प्रत्यक्ष योगदान पुर्‍याउँदै एक हजार किलोमिटरभन्दा बढी सडक निर्माण गरिसकेको छ । यसलाई नेपालमा सबैभन्दा कम खर्चिलो र समर्पित विकास साझेदारका रूपमा लिइन्छ । काठमाडौँ-तराई द्रुतमार्ग (फास्ट-ट्र्याक) जस्ता रणनीतिक परियोजनामा पनि सेनाले महत्वपूर्ण भूमिका खेलेको छ । सुदूरपश्चिम र कर्णाली क्षेत्रलाई राष्ट्रिय सडक सञ्जालसँग जोड्दै दुर्गम बस्तीमा पहुँच विस्तार गरेको छ । बेनी-जोमसोम-कोरला सडक मुस्ताङ क्षेत्र हुँदै चीन (तिब्बत) सिमाना नजिकसम्मको पहुँचबाट पर्यटन र व्यापार प्रवर्धनमा सहयोग पुगेको छ ।

**नेपाली सेना र युद्ध**
राष्ट्रिय एकीकरण अभियान, सीमाको रक्षा, मित्रराष्ट्र बेलायतलाई सहयोग र आन्तरिक सुरक्षा कायम गर्ने सन्दर्भमा नेपाली सेनाको युद्धसम्बन्धी भूमिकालाई बुझ्न सकिन्छ । यद्यपि हालका वर्षमा सेनाको भूमिका युद्धभन्दा बढी संयुक्त राष्ट्रसङ्घीय शान्ति मिसनमा शान्ति स्थापना, स्वदेशभित्र विपत् व्यवस्थापन र विकास निर्माणतर्फ केन्द्रित हुँदै गएको छ, जसले यस संस्थाको चरित्रलाई समयानुकूल परिवर्तन भएको देखाउँछ । राष्ट्रिय एकीकरण अभियानलाई थाती राख्दै नेपाली सेनाको नेपालकै खातिर बाह्य राष्ट्रसँग भएको युद्धको चर्चा गर्दा नेपाल-तिब्बत युद्ध (१७८८), नेपाल- तिब्बत-चीन युद्ध (१७९१-९२), नेपाल-अङ्ग्रेज युद्ध (१८१४-१६), नेपाल-तिब्बत युद्ध (१८५५-५६) महत्वपूर्ण रहेका छन् । अर्कोतर्फ, आन्तरिक सुरक्षा कायम राख्न खम्पा निशस्त्रीकरण (१९७४), द्वन्द्वकाल (१९९६-२००६) मा तत्कालीन सरकारबाट सन् २००१ देखि नेपाली सेना परिचालित भएको थियो । प्रथम र द्वितीय विश्व युद्धमा पनि मित्र राष्ट्र बेलायतको तर्फबाट युद्धका विभिन्न मोर्चामा बहादुरीपूर्वक लडेको इतिहास छ ।

**अन्तर्राष्ट्रिय शान्ति स्थापनामा योगदान**
सन् १९५८ देखि नै नेपाली सेना संयुक्त राष्ट्रसङ्घीय शान्ति मिसनमा सक्रिय सहभागी रहँदै आएको छ । यो कार्यको श्री गणेश लेबनानमा पाँच जना सैन्य पर्यवेक्षक पठाएर सुरु भएको थियो । पहिलो नेपाली सैनिक टुकडी 'पुरानो गोरख बटालियन' सन् १९७४ मा इजिप्टमा तैनाथ गरिएको थियो । नेपाली सेनाले युएन डिपार्टमेन्ट अफ पिसकिपिङ अपरेसन तथा फोर्स हेडक्वार्टरमा वरिष्ठ पदमा पनि योगदान दिएको छ । हाल नेपाल विश्वकै ठुलो योगदानकर्ता राष्ट्र हो । हाल नेपाली सेनाका करिब ४२९१ सैनिक विश्वका विभिन्न १० संयुक्त राष्ट्रसङ्घीय शान्ति मिसनमा कार्यरत छन् । जसमा ३८९ जना महिला सैनिक सहभागी छन् । यसबाट विश्व शान्तिमा योगदानका साथै नेपालको अन्तर्राष्ट्रिय प्रतिष्ठा वृद्धि र सैनिकको व्यावसायिक क्षमता पनि अभिवृद्धि हुन्छ ।

**समावेशीकरण र राष्ट्रिय एकता**
सेना जाति, धर्म, भाषा र क्षेत्रभन्दा माथि उठेर राष्ट्रिय एकताको प्रतीक हो । विदेशी सेनाका गोर्खा रेजिमेन्टमा अझै पनि निश्चित जातीय समूहबाट मात्र भर्ना गर्ने प्रचलन छ । नेपाली सेनाको सन्दर्भमा भने, यसले सधैँ सबै जाति, जनजाति, लिङ्ग, क्षेत्र र धर्मलाई समेट्दै राष्ट्रिय एकता कायम राख्ने प्रयास गर्दै आएको छ ।
नेपाली कानुन अनुसार सरकारी सेवाका रिक्त पदमध्ये ४५ प्रतिशत पद वञ्चित समूहका लागि आरक्षित हुनुपर्ने व्यवस्था छ । समावेशीकरणको नीतिलाई अवलम्बन गर्दै नेपाली सेनाले सन् २००६ मा सैनिक ऐन संशोधन गर्‍यो । संशोधनपछि सेनाभित्रको ४५ प्रतिशत आरक्षित कोटामध्ये २० प्रतिशत महिला, ३२ प्रतिशत जनजाति, २८ प्रतिशत मधेशी, १५ प्रतिशत दलित, पाँच प्रतिशत दुर्गम क्षेत्रका लागि छुट्याइएको छ । यस्ता प्रयासका बाबजुद पनि विभिन्न जाति, जनजाति, लिङ्ग र क्षेत्रहरूको समावेशीकरणसम्बन्धी विषय देशमा बारम्बार उठ्ने गरेको छ । आलोचकका अनुसार नेपाली सेनाले आरक्षण नीति र विविध समुदायको सहभागिता सुनिश्चित गर्ने प्रयास गरे पनि उच्च पदमा सबै जातीय, क्षेत्रीय र लैङ्गिक समूहको समान प्रतिनिधित्व अझै पूर्ण रूपमा स्थापित भइसकेको छैन भन्ने तर्क प्रस्तुत गरिन्छ ।

**महाशिवरात्रि तथा नेपाली सेना दिवस**
सन् २००५ मा सेना दिवसलाई माघ ५ बाट सारेर महाशिवरात्रिका दिन मनाउन थालियो । सेना दिवस नेपाली सेनाको त्याग, समर्पण, वीरता र बलिदानको सम्मान गर्ने विशेष दिन हो । यस दिन सेनाले मुलुकको सार्वभौमसत्ता, अखण्डता जोगाउन र राष्ट्रिय एकता र सुरक्षा सुनिश्चित गर्न गरेको योगदानको कदर गरिन्छ । यो पर्व महाशिवरात्रिसँगै मनाइने भएकाले सैन्य परम्परा र सांस्कृतिक आस्थाको अद्वितीय सङ्गमको रूपमा लिइन्छ ।

**नेपाली सेनामा महिला सहभागिता**
नेपालमा सन् १९९० पछि नागरिक सेवा र सुरक्षा निकायमा महिलाको सहभागिता निरन्तर बढ्दो छ । नेपाली सेनाले १९६१ देखि प्राविधिक सेवामा महिलालाई भर्ना गर्न सुरु गरेको थियो भने २००४ देखि सामान्य (लडाकु सम्बन्धित) सेवामा पनि भर्ना खुला गरियो । सन् २००५ मा महिला अधिकृत क्याडेट भर्ना भए । ऐतिहासिक रूपमा नै समावेशितातर्फ उन्मुख रहेको नेपाली सेनाले पछिल्लो समयमा लैङ्गिक समावेशितामा पनि महत्वपूर्ण प्रगति हासिल गरेको छ । सैनिक स्रोतबाट प्राप्त तथ्याङ्क अनुसार नेपाली सेनामा महिलाको सङ्ख्या करिब नौ हजार रहेको छ ।

**मानव अधिकारसम्बन्धी प्रयास**
द्वन्द्वकाल (२०५२-२०६२) ताका सेनाबाट केही मानव अधिकार उल्लङ्घनका घटना हुन पुगे । सो अवधिमा नेपाली सेनामाथि जबरजस्ती बेपत्ता पार्ने, गैरन्यायिक हत्या तथा यातनासम्बन्धी घटनाको विषयमा मानव अधिकार उल्लङ्घनका आरोप लागेका थिए । यस्ता कार्य योजनाबद्ध नीतिगत नभई युद्धको अन्योलपूर्ण अवस्थाका कारण भएका त्रुटि वा व्यक्तिविशेषका आपराधिक कार्य थिए भन्ने सेनाको तर्क छ । सेनाभित्रै मानव अधिकार सेल २०५९ सालतिर स्थापना गरिएको थियो । २०६३ सालमा यसलाई निर्देशनालयमा रूपान्तरण गरियो ।

**लाहुरे शब्दको ऐतिहासिकता**
लाहुरे शब्दको विशिष्ट अर्थ छ । यसको मूल उत्पत्ति तत्कालीन पञ्जाब राज्यको लाहोर सहर (हाल पाकिस्तानमा) सँग सम्बन्धित छ । अङ्ग्रेज-नेपाल युद्धमा विशेष गरी नालापानीको युद्धको नेतृत्व गरिरहेका वीर बलभद्र कुँवरलाई छलनीति प्रयोग गरी अङ्ग्रेजले पराजित गरेपछि उनी नेपाल नफर्की पञ्जाबकेशरी महाराजा रणजित सिंहको फौजमा सम्मिलित हुन लाहोर गए । अङ्ग्रेज-नेपाल युद्ध (१८१४-१८१६) पछि ब्रिटिसका साथै पञ्जाबले पनि नेपालीलाई (गोर्खा) उनीहरूको बहादुरीबाट प्रभावित भएर आफ्नो सेनामा भर्ती खुला गरेको थियो । वीर बलभद्र कुँवरसँगै र पछि अन्य लाहोर पुग्नेलाई लाहुरे भन्न थालियो । यो ऐतिहासिक प्रक्रियापश्चात् जहाँसुकै (विदेश) गई सैनिक सेवामा लाग्ने नेपालीलाई स्थानीय रूपमा लाहोर जाने भनिन्थ्यो । यही लाहोर शब्द बोलचालमा रूपान्तरित हुँदै लाहुर र पछि लाहुरे बनेको हो । नेपाली सेना राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता र आन्तरिक सुरक्षाको मह□वपूर्ण संस्था हो । विषम परिस्थितिमा नेपाली सेनाले कानुनी व्यवस्था कायम गर्न सरकारलाई सहयोग गर्छ, जसले देशलाई अस्थिर हुनबाट जोगाउन मद्दत गर्छ । वीरहरू बलभद्र कुँवर, अमरसिंह थापा, भक्ति थापा आदि देशका लागि ज्यानको बाजी थाप्ने नेपाली सैनिक पदाधिकारी नै थिए । नेपाली सेना केवल युद्ध गर्ने सङ्गठन मात्र होइन; यो राष्ट्रिय सुरक्षा, विकास, मानवीय सेवा र विश्व शान्तिको महत्वपूर्ण आधारस्तम्भ हो । आलोचकले रक्षा खर्च, सैन्य सामग्री खरिद, तथा अनुशासनात्मक कारबाही जस्ता विषयमा पारदर्शिताको अभाव रहेको आरोप लगाए पनि यसको भूमिका बहुआयामिक र राष्ट्रका लागि आवश्यक छ । हाम्रो सेनाले विपत् व्यवस्थापनमा नेतृत्व गर्ने, सडक तथा सुरुङ जस्ता महत्वपूर्ण पूर्वाधार निर्माण गर्ने, प्राकृतिक सम्पदाको संरक्षण गर्ने तथा संयुक्त राष्ट्रसङ्घीय शान्ति अभियानमा अग्रणी भूमिका खेल्दै विश्व शान्तिमा योगदान गर्दै प्रतिष्ठा पनि आर्जन गरेको छ । गोपबाट

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# गगन–बालेन : विद्रोह कि विधि ?



• डा. शोभाकर पराजुली

नेपाली चुनावी राजनीतिमा अहिले दुई नाम बारम्बार उच्चारणमा छन्, गगन थापा र बालेन साह। एक जना संसदीय अभ्यासको उपज, अर्को सडक-आन्दोलन र स्वतन्त्र छविबाट उभिएका नगरप्रमुख। दुवैका समर्थक जोशिला छन्, दुवैको भाषण शैली फरक छ, दुवै परिवर्तनको दाबी गर्छन्। तर प्रश्न यो हो- उदार लोकतन्त्रको दीर्घकालीन संस्थागत भविष्यका लागि कस्तो नेतृत्व आवश्यक छ ? र किन गगन थापाको नेतृत्व आजको नेपालका लागि अपरिहार्य देखिन्छ ?
बालेनको उदय एक प्रकारको 'प्रणाली-विरुद्धको जनक्रोध'को परिणाम हो। दलगत राजनीतिप्रति वितृष्णा, भ्रष्टाचारप्रति असन्तोष र 'नयाँ अनुहार'को खोजीले उनलाई लोकप्रिय बनायो। उनको शैली सीधा छ, निर्णायक, टकरावमुखी र कहिलेकाहीँ प्रतीकात्मक। नगरपालिकाको स्तरमा यो शैलीले तत्काल प्रभाव देखाउन सक्छ; डोजर चल्यो, संरचना भत्कियो, सन्देश गयो, 'कानुनभन्दा माथि कोही छैन।' तर उदार लोकतन्त्र केवल कानुनको कडाइमात्र होइन, त्यो प्रक्रिया, संवाद, सहमति र संस्थागत सन्तुलनको अभ्यास हो। यहाँ गगन फरक ठाउँमा उभिन्छन्।
संसदीय अभ्यास, समिति प्रणाली, नीति बहस र पार्टीभित्रको आन्तरिक लोकतन्त्रमार्फत उनले संस्थालाई बलियो पार्ने बाटो रोजेका छन्। उनी 'व्यक्तिगत नायक'भन्दा 'संस्थागत सुदृढीकरण'का पक्षधर देखिन्छन्। उदार लोकतन्त्रमा नायकत्वभन्दा नियमको शासन, शक्तिको विभाजन र जवाफदेहिता महत्त्वपूर्ण हुन्छ। गगन थापाको राजनीति, चाहे स्वास्थ्य बिमा कार्यक्रमको वकालत होस् वा शिक्षा सुधारको बहस-संस्थामार्फत परिवर्तन गर्ने अभ्यासमा आधारित छ। बालेनको शैली तत्काल सन्देश दिन सफल हुन सक्छ, तर दीर्घकालीन नीति-संरचना निर्माणमा संसदीय संवाद अपरिहार्य हुन्छ। बालेनले युवापुस्ताको निराशालाई भाषामा रूपान्तरण गरे। उनको भाषणमा विद्रोहको स्वाद छ। तर विद्रोहलाई विधेयकमा, बजेटमा र कार्यान्वयन योग्य नीतिमा बदल्न धैर्य र प्रक्रिया चाहिन्छ।

दार लोकतन्त्रको सौन्दर्य यहीँ छ-कसैले पनि एक्लै शासन गर्दैन, बहुमत, विपक्ष, समिति, अदालत, सञ्चार- सबैले सन्तुलन कायम गर्छन्।
गगनको राजनीतिक यात्रा विद्यार्थी आन्दोलनदेखि संसद्सम्म फैलिएको छ। उनले आन्दोलनको ऊर्जा पनि देखेका छन् र संस्थागत प्रक्रियाको जटिलता पनि बुझेका छन्। त्यसैले उनको नेतृत्व विद्रोहलाई संस्थागत सुधारमा रूपान्तरण गर्न सक्षम देखिन्छ। उदार लोकतन्त्रमा सुधार क्रमिक हुन्छ, क्रान्तिकारी नारा होइन, निरन्तर संवादले परिणाम दिन्छ। बालेनको करिश्मा डिजिटल युगको उपज हो। सामाजिक सञ्जालमा उनको उपस्थिति बलियो छ। प्रत्यक्ष संवाद, तीखा वक्तव्य र प्रतीकात्मक निर्णयले समर्थकलाई उत्साहित बनाउँछ। तर उदार लोकतन्त्र करिश्माले होइन, विचारले टिक्छ। विचार भनेको नीति-दृष्टि, वैचारिक प्रतिबद्धता र दीर्घकालीन खाका हो।

गगन उदार लोकतान्त्रिक मूल्य- व्यक्तिगत स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता, बहुलवाद र मानव अधिकारप्रति स्पष्ट प्रतिबद्धता देखाउने नेता। उनी दलभित्र पनि बहस गर्छन्, असहमति राख्छन् र सार्वजनिक रूपमा नीति सुधारको माग गर्छन्। यो अभ्यासले लोकतन्त्रलाई गहिरो बनाउँछ। उदार लोकतन्त्रमा असहमति देशद्रोह होइन, त्यो सुधारको इन्धन हो। संविधानले संघीय ढाँचा स्थापित गरेको छ। संघ, प्रदेश र स्थानीय तहबीच शक्तिको बाँडफाँट छ। बालेन साह स्थानीय तहका सफल प्रयोग हुन सक्छन्, तर राष्ट्रिय नेतृत्वका लागि संघीय सन्तुलनको गहिरो समझ आवश्यक हुन्छ। विदेश नीति, अर्थतन्त्र, सुरक्षा, सामाजिक न्याय, यी विषय नगरपालिकाको दायराभन्दा धेरै फराकिला छन्।

गगन संसदीय अनुभवका कारण राष्ट्रिय मुद्दामा बहस गर्न अभ्यस्त छन्। उनले स्वास्थ्य, शिक्षा, सुशासन र प्रशासनिक सुधारमा निरन्तर आवाज उठाएका छन्। उदार लोकतन्त्रमा नेतृत्वले स्थानीय लोकप्रियतामात्र होइन, राष्ट्रिय सहमति निर्माण गर्ने क्षमता पनि चाहिन्छ। विश्वभर उदार लोकतन्त्र दबाबमा छ, लोकलुभावनवाद, ध्रुवीकरण र 'मजबुत व्यक्ति'को मोह बढ्दो छ। नेपाल पनि यसबाट अछुतो छैन। जनताले छिटो परिणाम चाहन्छन्; उनीहरू निराश छन्; उनीहरूलाई 'एक्लो उद्धारकर्ता' आकर्षक लाग्छ। इतिहासले देखाएको छ, संस्थाभन्दा माथि उठेको व्यक्तिले अन्ततः संस्थालाई कमजोर पार्छ।

गगनको नेतृत्वको आवश्यकता यहीँ छ। उनले बारम्बार संस्थागत सुधार, पारदर्शिता र आन्तरिक लोकतन्त्रको कुरा उठाएका छन्। उदार लोकतन्त्रमा पार्टी पनि लोकतान्त्रिक हुनुपर्छ। दलभित्र बहस, नेतृत्व परिवर्तनको खुलापन र नीतिगत स्पष्टता, यी कुराबिना लोकतन्त्र खोक्रो हुन्छ। उनले पार्टीभित्र सुधारको आवाज उठाएर उदाहरण प्रस्तुत गरेका छन्। बालेन युवापुस्ताका प्रतिनिधि- निर्भीक, आक्रामक। तर राज्य सञ्चालन केवल साहसले सम्भव हुँदैन; त्यसमा अनुभव, कूटनीति र सहमति निर्माणको कला चाहिन्छ। उदार लोकतन्त्रमा विपक्षसँग पनि हातेमालो गर्नुपर्छ; आलोचकलाई पनि सुन्नुपर्छ।

स्वयं पनि युवा पुस्ताबाट आएका नेता हुन्, गगन तर अनुभवले उनलाई संयमित बनाएको छ। उनले संसद्मा कडा भाषण पनि गरेका छन्, तर प्रक्रिया नतोडीकन। यही संयम उदार लोकतन्त्रको आत्मा हो, जोश र होसको सन्तुलन। नेपाललाई आज के चाहिएको छ ? आर्थिक पुनरुत्थान, रोजगारी, शिक्षा सुधार, स्वास्थ्य पहुँच र सुशासन। यी सबैका लागि दीर्घकालीन नीति- सततता आवश्यक हुन्छ। लोकप्रिय निर्णयले ताली त ल्याउँछ, तर नीति निरन्तरता नहुँदा परिणाम आउँदैन। गगनको राजनीतिक अभिव्यक्तिमा नीति-निरन्तरताको आग्रह देखिन्छ। उनले स्वास्थ्य बिमा, सार्वजनिक सेवा सुधार र पारदर्शितामा जोड दिएका छन्। उदार लोकतन्त्रमा नेतृत्वले लोकप्रियताको उतार-चढावभन्दा माथि उठेर संस्थालाई बलियो पार्नुपर्छ।

देशलाई 'नायक' होइन, 'निर्माता' चाहिन्छ, जसले संविधानको मर्म बुझ्छ, बहुलवादको सम्मान गर्छ र आलोचनालाई स्थान दिन्छ। गगन-बालेन दुवै परिवर्तनका प्रतीक हुन्। तर परिवर्तनको प्रकृति फरक छ। बालेन विद्रोहको आवाज हुन्; गगन संस्थागत सुधारको। उदार लोकतन्त्रको दीर्घकालीन सुरक्षाका लागि विद्रोहलाई संस्थामा रूपान्तरण गर्न सक्ने नेतृत्व आवश्यक हुन्छ। नेपालको लोकतन्त्र अझै संक्रमणमा छ। यहाँ व्यक्तिवादको मोह सजिलै बढ्न सक्छ। यस्तो अवस्थामा संस्थालाई प्राथमिकता दिने, सहमतिमा विश्वास गर्ने र उदार मूल्यप्रति प्रतिबद्ध नेतृत्व देशका लागि अपरिहार्य हुन्छ।

गगन त्यही सम्भावनाको प्रतिनिधि देखिन्छन्- जहाँ शक्ति व्यक्तिमा होइन, संस्थामा निहित हुन्छ; जहाँ असहमति दमन होइन, संवादको आधार हुन्छ। र जहाँ लोकतन्त्र केवल चुनाव होइन, निरन्तर अभ्यास हुन्छ। उदार लोकतन्त्रको रक्षा 'कडा हात'ले होइन, 'खुला मन'ले हुन्छ। आज नेपाललाई खुला मनको, विचार सम्पन्न र संस्थामुखी नेतृत्व चाहिएको छ। यस अर्थमा, उनको नेतृत्व देशको लोकतान्त्रिक यात्राका लागि आवश्यक देखिन्छ- ताकि लोकतन्त्र केवल नारा नबनोस्, जीवन पद्धति बनोस्। अपूबाट

# फागुन २१ स्वविवेकको उत्सव



• केशव भट्टराई

आसन्न फागुन २१ को प्रतिनिधि सभा निर्वाचन यसपटक केवल संवैधानिक प्रक्रिया मात्र होइन, यो त अस्थिर राजनीतिक घटनाक्रमपछि जनताको पुनः विश्वास जागृत गराउने र परीक्षण गर्ने ऐतिहासिक समय हो। भाद्र २३ र २४ का घटनाक्रमले राजनीतिलाई झक्झक्याएपछि मुलुक यतिबेला मतपेटिकामार्फत आफ्नो भविष्य तय गर्ने निर्णायक मोडमा उभिएको छ। अग्रिम र अप्रत्याशित पृष्ठभूमिमा तय भएको यो निर्वाचनले ताजा जनादेशको आवश्यकता औंल्याएको छ, र आज प्रत्येक मतदाता स्वविवेक प्रयोग गर्ने संवेदनशील घडीमा आइपुगेका छन्।

आसन्न चुनाव विगतका चुनावहरूको तुलनामा प्राविधिक हिसाबले मात्रै फरक छैन । विगतभन्दा यसपटक राजनीतिक संस्कार, अपेक्षा र चेतनाको स्तरमा पनि उल्लेखनीय परिवर्तन देखिएको छ। परम्परागत रूपमा स्थापित दलहरूसँगै नयाँ दल र नयाँ अनुहारहरूको रोचक उपस्थिति यसपटकको विशेषता हो। यस अर्थमा यो चुनाव दलहरूको प्रतिस्पर्धा मात्र होइन, नागरिक चेतनाको परिपक्वता जाँच्ने परीक्षा पनि हो।

विगतका चुनावहरूमा समृद्धिका लामो योजनाहरू पढेर सुनाइन्थे, भविष्यका सुनौला सपना देखाइन्थे। तर यसपटक मतदाताले केवल नारामात्र होइन, सुशासन, पारदर्शिता र प्रभावकारी सेवा प्रवाहको ठोस खाका खोजिरहेका छन्। राज्यप्रति नागरिकको अपेक्षा अब भावनात्मक आश्वासनमा सीमित छैन, परिणाममुखी कार्यशैली र जवाफदेहिताको स्पष्ट प्रतिबद्धता आवश्यक भइसकेको छ।

अघिल्ला चुनावहरूमा कुनै घरको बा वा दाजुहरूको निर्देशन नै मत सुनिश्चित गर्न पर्याप्त हुन्थ्यो। दल र उम्मेदवार हरूका लागि घरमूलीलाई रिझाउनु नै रणनीति हुन्थ्यो। तर अहिले परिस्थितिमा उल्लेखनीय परिवर्तन आएको छ प्रत्येक घरका सबै सदस्य स्वतन्त्र र सचेत मतदाता बनेका छन्। स्वविवेकको प्रयोग अब




सामूहिक आदेशभन्दा शक्तिशाली भएको छ। तसर्थ घरमूलीलाई मात्र आधार मानेर मतको गणित निकाल्ने विगतको अभ्यास यसपटकका लागि अनुकूल नहुन सक्छ।

मतदान स्थलमा उपस्थित नदेखिए पनि सामाजिक सञ्जाल, वैदेशिक रोजगारी वा बाहिरी बसाइँका कारण बाहिर रहेका व्यक्तिहरूको प्रभाव पनि यसपटक महत्वपूर्ण हुन सक्छ। विचारको आदान-प्रदान अब सीमित घेराभित्र छैन। त्यसैले दल र उम्मेदवारहरूले मतदाताको बदलिँदो मनोविज्ञानलाई गम्भीरतापूर्वक बुझ्नुपर्ने आवश्यकता छ।

नेपाली समाजमा अझै पनि राजनीतिक दलहरूबीच एकअर्कालाई निषेधित गर्ने, खुइल्याउने र बदनाम गर्ने प्रवृत्ति जीवितै छ। विशेषगरी कार्यकर्ता तहमा आफ्ना दलका ठूला गल्ती र कमजोरीहरूलाई नदेख्ने तर प्रतिपक्षका स-साना त्रुटिलाई पनि अतिरञ्जित गरेर प्रस्तुत गर्ने संस्कारले राजनीतिक संवादलाई स्वस्थ बनाएको छैन। यो प्रवृत्ति व्यक्ति विशेष र दलहरूका लागि मात्र होइन लोकतन्त्रका लागि घातक छ। तर सुखद पक्ष के हो भने सचेत मतदाताले अब यो मनोविज्ञानलाई चिन्न थालेका छन्। उनीहरूले दलगत अन्धसमर्थन र नकारात्मक प्रचारबीचको भिन्नता बुझ्न थालेका छन्।

तर विडम्बना ! मतदाताको चेतनामा आएको यो परिवर्तनलाई सबै दल र तिनका नेता-कार्यकर्ताले अझै पूर्णरूपमा आत्मसात किन गर्न सकिरहेका छैनन् ? अझै पनि 'हाम्रो ठीक, अरू सबै बेठीक' भन्ने संकीर्ण सोचले स्थान ओगटिरहेको देखिन्छ। यस्तो मनोवृत्तिले क्षणिक रूपमा ताली र भीड जुटाउन सक्छ, तर दीर्घकालमा विश्वास गुमाउँछ। यस अर्थमा निर्वाचन अमुक दल वा उम्मेदवारको जित-हारमा मात्र सीमित छैन ,अब यो सुसंस्कारित राजनीतिक चरित्र निर्माण गर्ने पर्वका रूपमा बदलिएको छ।

आम चुनाव राजनीतिक आचरण, सहिष्णुता, फरक मतको सम्मान र आत्मालोचनाको संस्कारलाई संस्थागत गर्ने समय पनि हो। आज निर्माण भएको राजनीतिक व्यवहार नै भोलिको पुस्ताले सिक्ने पाठ बन्नेछ। हुन त आचारसंहिता ,विधि ,नियम ,कानुन सबैले सधैंभरि मान्नुपर्ने विषय हो। तर निर्वाचनको दौरानमा यो आचारसंहिताको विषय अलि बढी आकर्षित हुन्छ। निर्वाचन आयोगले सरोकारवाला सबैका लागि निर्वाचन आचारसंहिता जारी गरेको हुन्छ। राजनीतिक दल, तिनका उम्मेदवार र सरोकारवाला सबैले आचारसंहिता कार्यान्वयन गर्नु अपरिहार्य र अनिवार्य दायित्व हो।

राजनीतिक पद र सार्वजनिक जीवनसँग सम्बन्धित सबैले आचारसंहितालाई व्यवहारको मार्गदर्शकको रूपमा बुझ्न आवश्यक छ।

राजनीतिक नियुक्ति र पदमा आसिन व्यक्तिहरू , कतिपय जनप्रतिनिधिहरू,कर्मचारी, प्रहरी, प्रशासन, पत्रकार र अन्य सार्वजनिक भूमिकामा रहेका व्यक्तिहरूले जानेर वा नजानेर आचारसंहिता उल्लंघन भएको विषयलाई सामान्य व्यवहार जस्तो लिनु गम्भीर गल्ती हो। आचारसंहिता केवल अरुका लागि मानिदिने सामान्य विषय मात्र होइन , यसले व्यावसायिक मर्यादा, सामाजिक विश्वास र व्यक्तिगत विश्वसनीयता कायम राख्न सहयोग गर्छ। निर्वाचन आचारसंहिताको उल्लंघनले अमुक व्यक्तिलाई तत्कालीन राजनीतिक लाभ वा व्यक्तिगत सुविधामा मात्र सीमित प्रभाव पार्दैन। बरु यसले पेशागत जीवनलाई दीर्घकालीन रूपमा कमजोर पार्छ, सामाजिक दृष्टिकोणमा भरोसा घटाउँछ र जनताको नजरमा नैतिक प्रश्न पनि उठाउँछ। त्यसैले आचारसंहिताको पालन केवल कानूनी जिम्मेवारी मात्र होइन, राजनीतिक संस्कार, व्यावसायिक मर्यादा र लोकतान्त्रिक प्रतिबद्धताको अभिव्यक्ति पनि हो।

यो चेतना राजनीतिक नेतृत्वदेखि कार्यकर्ता तहसम्म फैलिनु आवश्यक छ। जबसम्म सबैले आचारसंहिताको महत्व बुझ्ने र आत्मसात गर्ने प्रयास गर्दैनन्, तबसम्म लोकतान्त्रिक प्रतिस्पर्धा केवल शक्ति र प्रचारको खेलमा सीमित रहिरहन्छ। चुनावी परिणामको स्थायित्व र जनताको विश्वास आचारसंहितामा देखिएको सम्मानमा निर्भर हुने गर्दछ ।

अन्ततः, फागुन २१ को मतदान केवल कागजमा अंक राख्ने प्रक्रिया मात्र होइन। यो प्रत्येक नागरिकको स्वविवेक, लोकतान्त्रिक अधिकार र भविष्यप्रतिको जिम्मेवारीको अभिव्यक्ति हो। यसकारण आम मतदाताले निर्भयतापूर्वक आफ्नो मत प्रयोग गरी सही व्यक्ति र दलको चयन गर्नुपर्छ। आफ्नो अमूल्य मतदान प्रयोग गरेर जनताको सेवा, सुशासन र पारदर्शी नेतृत्व सुनिश्चित गर्ने जिम्मेवारी पुरा गर्नुपर्छ। सत्य, निष्पक्ष र कार्यक्षमतामा आधारित निर्णयले मात्र देशको लोकतान्त्रिक संस्कार बलियो हुनेछ। यस चुनावले केवल प्रतिनिधि चयन गर्ने काम मात्र गर्दैन; यसले लोकतान्त्रिक संस्कार, राजनीतिक उत्तरदायित्व र नागरिक चेतनाको स्तरलाई पनि मापन गर्नेछ। त्यसैले ०८२ फागुन २१ सामान्य मिति होइन–यो भविष्यप्रति जिम्मेवार नागरिकको आत्मनिर्णयको अभिव्यक्ति संगठित गर्ने ऐतिहासिक दिन पनि हो।

त्यसैले, आम मतदाताहरू–घरका सबै सदस्य, युवा-बृद्ध, महिला-पुरुष–सबैले स्वविवेक प्रयोग गर्न सकून् र सही नेतृत्वलाई निर्वाचित गरून्। लोकतन्त्र रक्षाका लागि आम नागरिकको अमूल्य योगदान यही नै हुनेछ।

## ग्रिन फिल्ड वर्ल्ड स्कूलको वार्षिकोत्सव सम्पन्न

झापा । प्रविधिमा आधारित शिक्षा प्रदान गर्ने उद्देश्यले नौ वर्षअघि स्थापना गरिएको ग्रिन फिल्ड वर्ल्ड स्कूलले आफ्नो वार्षिक उत्सव मनमोहक सांस्कृतिक प्रस्तुतिसहित सम्पन्न गरेको छ।

बिर्तामोड-१ स्थित विद्यालयको हाताभित्र आयोजित सांस्कृतिक कार्यक्रममा कक्षा ३ देखि ९ सम्मका विद्यार्थीहरूले कविता, नाटक, वक्तृत्वकला र संगीतसहित नृत्य प्रस्तुत गरेर उपस्थित अभिभावक तथा अतिथिहरूलाई दंग पारेका थिए।

उत्सवको उद्घाटन मेची आँखा अस्पतालका अध्यक्ष जलकुमार गुरुङले दीप प्रज्वलन गरी गरेका थिए। कार्यक्रममा विद्यालयका संस्थापक तथा राष्ट्रिय सभा सदस्य गोपालकुमार बस्नेतको अध्यक्षतामा विद्यार्थीहरूले आ-आफ्नो प्रतिभा प्रस्तुत गरे।कक्षा ३-५ का छात्राहरूले सरस्वती वन्दना प्रस्तुत गर्दै सांगीतिक सुरुवात गरे भने अस्लेषा समूहबाट सेफायर नृत्य प्रदर्शन गरिएको थियो। विद्यालयका निर्देशक आनन्दकुमार बस्नेत, वाल्मीकि एजुकेशन फाउण्डेशनका प्रिन्सिपल पवन गिरी, सञ्चालक मनिषा बस्नेत, नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष सुव्रत न्यौपाने, वीरता जेसीजका अध्यक्ष लोकचन्द्र श्रेष्ठ, पूर्व अध्यक्ष राजेन्द्रकुमार चम्लागाई, जीतेन्द्र वस्नेत, पूर्वाञ्चल दैनिकका डेस्क सम्पादक लक्ष्मण ढकाल, सहसम्पादक सुरेन्द्र भण्डारीलगायतका व्यक्तित्वहरूले कार्यक्रममा सहभागिता जनाएका थिए।



शिक्षक सुशीला घिमिरे र विद्यार्थी सागर ढकाल तथा एञ्जीला विमलीले सञ्चालन गरेको सांस्कृतिक कार्यक्रमले विद्यार्थीमा सिर्जनशीलता, सहकार्य भावना र नेतृत्व क्षमताको विकास गर्ने विद्यालयको उद्देश्य झल्काएको थियो।

विद्यालयका को-अर्डिनेटर बर्नाट लामाले स्वागत मन्तव्य राखेका थिए। अभिभावक, शिक्षक र विद्यार्थीको उल्लेखनीय उपस्थिति रहेको उक्त कार्यक्रममा प्रस्तुतिहरूले वातावरण उत्साहपूर्ण बनाएको सहभागीहरूले बताएका छन्।

## चुनावमा तीन दिन बिदा दिन सिफारिस

काठमाडौँ । निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि यही फागुन २०, २१ र २२ गते गरी तीन दिन सार्वजनिक बिदा दिन सरकारलाई सिफारिस गरेको छ।

निर्वाचनमा उत्साहजनक सहभागिता बढाउन मतदानको अघिल्लो दिन, मतदानको दिन र भोलिपल्टसमेत गरी तीन दिन सार्वजनिक बिदा दिन नेपाल सरकारलाई सिफारिस गरिएको आयोगका प्रवक्ता एवं सहसचिव नारायणप्रसाद भट्टराईले बताए।

फागुन १८ गते सोमबार पहाडी जिल्ला र फागुन १९ गते मङ्गलबार तराईका जिल्लामा होली पर्वको सार्वजनिक बिदा परेको छ।

तीन दिन सार्वजनिक बिदा दिँदा विभिन्न पेसा र व्यवसायमा मतदाता नामावली भएको स्थानबाट टाढा रहेका मतदातालाई मतदानस्थलसम्म जान सहज हुने विश्वास गरिएको छ।

# सिमसार क्षेत्र संरक्षणः चुनौती र उपाय

• सरस्वती अधिकारी

काठमाडौँ : नेपालको सिमसार क्षेत्रको अवस्था दिन प्रतिदिन बिग्रदै गएको छ। जलवायु परिवर्तनको जोखिममा परेका पारिस्थितिकीय प्रणालीमध्ये सबैभन्दा बढी संवेदनशील रहेको सिमसार क्षेत्रको संरक्षण चुनौतीपूर्ण बन्दै गएकोप्रति सरोकारवालाले चिन्ता व्यक्त गरेका छन्।

**किन जोगाउन गाह्रो भइरहेको छ सिमसार ?**

एकोहोरो दोहन, अतिक्रमण र मिचाहा प्रजातिका झारको फैलावट, अव्यवस्थित मानवीय क्रियाकलाप लगायतका कारण जोखिममा परेका सिमसार क्षेत्रहरू जैविक, सामाजिक, पर्यावरणीय र आर्थिक दृष्टिकोणले अत्यन्त महत्वपूर्ण प्राकृतिक प्रणालीको अंश मानिन्छ।

सिमसार क्षेत्रले सामाजिक, आर्थिक विकास, जलस्रोत संरक्षणसँगै कार्बन सञ्चितीकरण र स्थानीय समुदायको जीवनस्तरमा समेत महत्वपूर्ण योगदान पुऱ्याएका छन्।

तर जैविक विविधता संरक्षण र जलवायु परिवर्तनको असर न्यूनीकरण एवं अनुकूलनका लागि महत्वपूर्ण आधार यही क्षेत्र अतिक्रमण र अत्यधिक दोहनका कारण मासिदै गएका छन्।

वन तथा वातावरण मन्त्रालयका प्रवक्ता (वन तथा जलाधार महाशाखा प्रमुख) विशाल घिमिरेका अनुसार, विकासका धेरै काममा भूमिको उपयोगलाई परिवर्तन गर्ने गरेको देखिन्छ। त्यसले सन्तुलन



बनाइराखेको एउटा भूमिको उपयोग अर्कोमा परिवर्तन गरिदिएको छ।

कृषियोग्य जमिनलाई घडेरी बनाएर नयाँ बसोवास/बस्ती बसाल्ने, वन मासेर विकासका कामहरूमा प्रयोग गर्ने, नदी किनार, पुराना सिमसार भएका ठाउँ, पोखरीका किनार, दलदले क्षेत्रमा सडक निर्माण गर्ने, चौतारो, वरपीपल,पोखरी, पहाड मासेर पूर्वाधार बनाउने काम भएका छन्।

भूमि उपयोगको परिवर्तन गरी अव्यवस्थित विकास गर्ने र त्यसको सन्तुलनलाई ध्यान नदिनाले सिमसारमा चुनौती थपिएको छ। प्रदूषण पनि सिमसार क्षेत्रका लागि अर्को चुनौती बनेर उभिएको छ।

कृषि उत्पादनमा प्रयोग हुने रासायनिक मल, कीटनाशक औषधि एवं विषादीहरू, विभिन्न क्षेत्रको विकासका लागि रसायनहरूको प्रयोग, रसायनयुक्त पानी खोलानालामा मिसिने, औद्योगिक क्षेत्रबाट निस्किने धूलो, धुवाँ, घरबाट जथाभावी निस्कने ढल, प्लास्टिकजन्य फोहर व्यवस्थापनमा पर्याप्त काम गर्न सकिएको छैन।

ती फोहोर सुक्न, बिग्रन, मासिन लागेका, सिमसारमा लगि फालिदिने गरेको पाइन्छ। फोहर व्यवस्थापन गर्ने निकायहरुले पनि यसतर्फ ध्यान नदिँदा पनि नेपालका सिमसारहरूको गुणस्तर खस्कँदै जाने र सुक्दै, मासिदै गएको छ।

यसले सिमसारमा निर्भर विभिन्न समुदाय, वनस्पति, जीवजन्तु, बिरुवा, कीरा नराम्ररी प्रभावित भइरहेका छन्। प्रदूषित पानीले जैव विविधतालाई घटाउँदै प्राकृतिक उपयोगितालाई एकदमै असन्तुलित बनाएर राखेको छ।

**सिमसार क्षेत्रको व्याख्या**

नेपालको राष्ट्रिय सिमसार नीति, २०६९ ले पानी जमेको वा बगेको, स्थायी वा अस्थायी, प्राकृतिक वा कृत्रिम रूपमा बनेको दलदल क्षेत्रलाई सिमसार क्षेत्र भनेको छ। यस नीतिले गतिशील, विविधतायुक्त र उर्वर पारिस्थितिकीय प्रणालीको रूपमा रहेको सिमसारलाई जैविक, सामाजिक, पर्यावरणीय र आर्थिक दृष्टिकोणले अति मूल्यवान प्राकृतिक प्रणालीको अंश मानेको छ। दुर्लभ र विभिन्न प्रजातिका जीवजन्तु तथा वनस्पतिलाई वासस्थान प्रदान गरेको सिमसारले पानीको स्रोत संरक्षण गर्नुका साथै यसको बहाव र गुणस्तर कायम गर्छ।

सिमसार क्षेत्रले सिँचाइ, मत्स्यपालन, पर्या-पर्यटन, कृषि उत्पादकत्व अभिवृद्धिमा सहयोग पुऱ्याउने लगायत जैविक विविधताको दिगो व्यवस्थापनमार्फत राष्ट्रिय तथा स्थानीय अर्थतन्त्रमा समेत महत्वपूर्ण योगदान पुऱ्याएको छ।

सिमसारले जलवायु परिवर्तन तथा भू-विनाशको असरलाई न्यूनीकरण गर्दै पर्यावरणीय सुरक्षा कवचको रूपमा पनि काम गर्छ।

प्राकृतिक वा कृत्रिम रूपले सृजना भएर स्थायी वा अस्थायी रूपमा पानीले ढाकेको, पानी गरेर वा झरनाका रूपमा झरर बनेको दलदल, धाप, जरुवा क्षेत्र, नुनिलो तथा क्षारयुक्त पानी रहेको भूभागलाई सिमसार क्षेत्र मानिन्छ।

**नेपालको पाँच प्रतिशत बढी भूभाग सिमसार**

विश्वकै महत्वपूर्ण एउटा पारिस्थितिकीय प्रणालीको रूपमा रहेको सिमसार क्षेत्रले मुलुकको कुल क्षेत्रफलमध्ये साढे पाँच प्रतिशत भूभाग ओगटेको छ। देशभर रहेका सिमसारमध्ये १० वटा सिमसार रामसारमा सूचीकृत छन्।

सन् १९७१ मा इरानको रामसार

❖ बाँकी अन्तिम पृष्ठमा

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** — भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** — भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** — रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** — मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** — दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** — आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** — सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** — दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** — आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** — आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** — कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** — सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ